आज मिति २०८१ साल बैशाख २३ गते विहान ९:०० बजे भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**स्थानः** गाउँ कार्यपालिकाको कार्यालय, बैठक हल । **बैठक संख्याः** १२-२०८०/०८१

**बैठक प्रारम्भः** विहान ९:०० बजे **बैठक समापनः**

उपस्थितिः

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| श्री गणेशबहादुर थापा | अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री मिनाकुमारी खड्का | उपाध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री ललितकुमार थापा | सचिव, प्र.प्र.अ. | भगवतीमाई गा.पा. | |
| श्री इन्द्रबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री दिपक रावत | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०२ | |
| श्री मानबहादुर खड्का | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०३ | |
| श्री देवलोक अधिकारी | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०४ | |
| श्री कृष्णबहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०५ | |
| श्री गणेशप्रसाद शर्मा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०६ | |
| श्री पुर्णबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०७ | |
| श्री गालसरा वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | |
| श्री रेशम बादी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | |
| श्री शारदा बस्नेत खड्का | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०३ | |
| श्री वत्ती वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०६ | |
| श्री रञ्जनाकुमारी भण्डारी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | |
| श्री टिकाराम वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | |

अन्य उपस्थितिः

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**मिति २०८१/०१/२३ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रगति समिक्षा सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ तेस्रो त्रैमासिक अवधिसम्म प्रगति समिक्षा सम्बन्धमा । |
| २. | आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा । | आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी छलफल तथा निर्णय गर्ने। |
| ३. | एक घर एक धारा सम्बन्धी खानेपानी नीति सम्बन्धमा । | एक घर एक धारा सम्बन्धी खानेपानी नीति सम्बन्धी मापदण्ड परिमार्जन सम्बन्धमा छलफल तथा निर्णय गर्ने । |
| ४. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा । | कट्टी स्वास्थ्य चौकी भवन निर्माण कार्यको रकम रकमान्तर गर्ने। |
| ५. | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा । | स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने सम्बन्धमा । |
| ६. | सामुदायिक स्वास्थ्य इकाईको नाम परिवर्तन सम्बन्धमा । | सामुदायिक स्वास्थ्य इकाईको नाम परिवर्तन गरि आधारभूत स्वास्थ्य केन्द्र कायम गर्ने । |
| ७. | बाल प्रयोजन, संरक्षण र समावेशी गुणस्तरीय परियोजना सम्बन्धमा । | बाल प्रयोजन, संरक्षण र समावेशी गुणस्तरीय परियोजना सहलगानी तथा अनुमति सम्बन्धमा । |
| ८. | स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद सम्बन्धमा । | स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद गर्ने सम्बन्धमा । |
| ९. | शिक्षक दरवन्दी स्थानान्तरण सम्बन्धमा । | यस गाउँपालिका अन्तर्गत विद्यालयको शिक्षक दरवन्दी स्थानान्तरण गर्ने । |
| १०. | आधारभूत अस्पतालमा स्वास्थ्यकर्मी भर्ना गर्ने सम्बन्धमा । | आधारभूत अस्पतालमा स्वास्थ्यकर्मी भर्ना गर्ने सम्बन्धमा । |
| ११. | महिला आय आर्जन/सीप विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | यस गाउँपालिकाको चालु आ.व. २०८०/०८१ स्वीकृत वार्षिक कार्यक्रम अनुसार महिला आय आर्जन/सीप विकास कार्यक्रम कार्यान्वयनको स्वीकृति दिने । |

**मिति २०८१/०१/२३ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकबाट भएका निर्णयहरु:**

१. चालु आ.व. २०८०/०८१ तेस्रो त्रैमासिक अवधिसम्मको वित्तीय तथा भौतिक प्रगति समिक्षा गरियो ।

२. आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको लागि स्रोत अनुमान तथा सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तर्जुमा समिति, विषयगत समिति र वडा समितिलाई निर्देशन गर्ने।

३. यस गाउँपालिकाको एक घर एक धाराको नीति अन्तर्गत नीजि धारा निर्माण कार्य सम्बन्धित उपभोक्ताले गर्ने व्यवस्था रहेकोमा सम्बन्धित उपभोक्ताले ढुङ्गा गिट्टी र अदक्ष श्रमिक व्यवस्थापन गर्ने र अन्य निर्माण कार्य गाउँपालिका वा संघसंस्थाले गर्ने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LIPS) मा सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आह्वानको सूचना बमोजिम देहाय बमोजिम प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने ।

क. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसँगको सहकार्यकमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्वन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने ।

ख. स्थानीय पूर्वाधार विकासका लागि नविनतम् र सुधारिएका तरिका साधन/विधि अवलम्वन गर्ने ।

ग. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SuTRA र लेखा परीक्षण मार्फत गर्ने ।

घ. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानीको हिस्सा विनियोजन गर्ने (ग्रामीण सडक सुधार/पनर्स्थापना सम्बन्धि आयोजनामा कम्तिमा २० देखि ४० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई भवन मर्मत सम्बन्धि आयोजनामा कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशील र वैकल्पिक ऊर्जा सम्बन्धि आयोजनामा कम्तिमा २० प्रतिशत)

ङ. पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

५. कर्णाली प्रदेश सरकार विशेष अनुदानबाट कट्टी स्वास्थ्य चौकी भवन निर्माणको लागि बजेट विनियोजन भएकोमा भवन निर्माणको लागि जग्गा व्यवस्थापन हुन नसकेको हुँदा सो रकम संशोधन गरी देहाय बमोजिम संशोधन गर्नेः

<u>तपसिलः</u>

| क्र. सं. | आयोजनाको विवरण | | | संशोधन गर्नुपर्ने आयोजनाको विवरण | | |
|---|---|---|---|---|---|---|
| | **आयोजनाको नाम** | **स्थान** | **रकम** | **आयोजनाको नाम** | **स्थान** | **रकम** |
| १. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण । | वडा नं. ५ | ६० लाख | भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्य । | वडा नं. ३ | ६० लाख |

६. चिपिन सामुदायिक स्वास्थ्य इकाईको नाम परिवर्तन गरि चिपिन आधारभूत स्वास्थ्य केन्द्र कायम गर्ने ।

७. वर्ल्ड भिजन इन्टरनेशनल र सोसेक नेपालको साझेदारीमा "**बाल प्रयोजन, संरक्षण र समावेशी गुणस्तरीय परियोजना**" कार्यक्रम यस गाउँपालिकाको वडा नं. २, ३, ४, ५ र ६ मा कार्यान्वयनमा रेहकोमा आगामी आ.व. २०८१/०८२ देखि वडा नं. १ र ७ मा समेत लागु गर्ने र सो को लागि ५ प्रतिशत गाउँपालिकाबाट सहलगानी गर्ने तथा कार्यक्रम कार्यान्वयनको लागि अनुमति प्रदान गर्ने ।

८. नेपाल सरकार सशर्त अनुदान कार्यक्रम तर्फ सामुदायिक विद्यालयहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि रु. १५,२९,०००। विनियोजन भएकोमा रु. ८,२७,९३७ को स्यानिटरी प्याड खरिद भएको र रु. ७,०१,०६३ को आवश्यक खरिद प्रक्रिया अपनाई स्यानिटरी प्याड डिस्पोजल मेशिन खरिद गर्ने ।

९. यस भगवतीमाई गाउँपालिका अन्तर्गत देहायका विद्यालयको शिक्षक दरवन्दी एक आपसमा स्थानान्तरण गर्ने र सो दरवन्दीमा कार्यरत शिक्षकहरुलाई सम्बन्धित दरवन्दीमा पदस्थापन गर्ने ।

| क्र. सं. | शिक्षक दरवन्दी | | | | | स्थानान्तरण हुने | |
|---|---|---|---|---|---|---|---|
| | **तह** | **विषय** | **प्रकृति** | **विद्यालयको नाम** | **ठेगना** | **विद्यालयको नाम** | **ठेगना** |
| १. | नि.मा.वि. तृतीय | सामाजिक | स्थायी | श्री सरस्वती मा.वि. गन्म | वडा नं. १ | श्री ज्वाला मा.वि. वेस्तडा | वडा नं. १ |
| २. | नि.मा.वि. तृतीय | सामाजिक | राहत | श्री ज्वाला मा.वि. वेस्तडा | वडा नं. १ | श्री सरस्वती मा. वि. गन्म | वडा नं. १ |

१०. भगवतीमाई आधारभूत अस्पतालको लागि आवश्यक देहायका स्वास्थ्यकर्मी सेवा करारमा लिन विज्ञापन गर्ने ।

| क्र.सं. | पद | सेवा/समूह/तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | हे.अ. | स्वास्थ्य/हे.ई./पाँचौ | १ | |
| २. | अ.हे.व. | स्वास्थ्य/हे.ई./चौथो | १ | |

११. यस गाउँपालिकाको चालु आ.व. २०८०/०८१ स्वीकृत वार्षिक कार्यक्रम अनुसार महिला आय आर्जन/सीप विकास कार्यक्रमतर्फ एकल महिलालाई बाख्रा वितरण गर्ने ।

**भिन्न मतको अभिलेख**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| १. | × | × | × | × |
| २. | × | × | × | × |